भद्रपुर नगरपालिका

# स्थानीय राजपत्र

प्रदेश नं १ झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ५ भद्रपुर, फाल्गुण १० गते, २०७८ साल, संख्या ७

भाग १

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

भद्रपुर नगरपालिकाको वन सम्बन्धि ऐन, २०७८

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

स्वीकृत मिति २०७८/१०/२६

प्रमाणीकरण मिति २०७८/११/०९

# प्रस्तावना

भद्रपुर नगरपालिका क्षेत्रभित्र रहेका वनक्षेत्रको दिगो व्यवस्थापन र संरक्षणमा समुदायलाई जिम्मेवारी बनाउदै वन श्रोतबाट अधिकतम लाभ हासिल गर्दै लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय समुदायको सामाजिक, आर्थिक र पर्यावरणीय साथै भौतिक लगायतका विकासको क्षेत्रमा महत्वपूर्ण योगदान र आर्थिक समृद्धी एवम् दिगो विकासको लक्ष्य प्राप्त गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(४)"ङ"१ बमोजिम भद्रपुर नगरपालिका क्षेत्रभित्र रहेका वनको व्यवस्थापन तथा उपयोग सम्बन्धि आवश्यक कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी भद्रपुर नगरपालिकाले "भद्रपुर नगरपालिकाको वन सम्बन्धि ऐन २०७८" बनाइ लागु गरेकोछ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "भद्रपुर नगरपालिकाको वन सम्बन्धि ऐन, २०७८" रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई नगर प्रमुखबाट प्रमाणीकरण भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "अधिकारवाला" भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार र समुदाय समेतलाई सम्झनु पर्दछ।

(ख) "अन्य समुदाय" भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वन पैदावार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आइरहेको, वन पैदावरको लागि त्यस्तो वनक्षेत्रबाट आश्रित एवम् लाभान्वित भौगोलिक रुपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदायलाई सम्झनु पर्छ।

(ग) "उद्योग" भन्नाले लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनु पर्छ।

(घ) "परम्परागत रुपमा संरक्षण, भोगचलन" भन्नाले पुस्तौ-पुस्तादेखि परम्परागत ज्ञान,सीप र बिधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा निरन्तरतालाई सम्झनु पर्छ।

(ङ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिका सम्झनु पर्छ।

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

(छ) "नगर वन परिषद" भन्नाले दफा २१ बमोजिम गठन हुने वन अधिकार संरक्षण परिषदलाई सम्झनु पर्छ ।

(ज) "परम्परागत उपभोक्ता" भन्नाले जीवनयापनका लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृती, मौलिक परम्परा अनुसार आफ्नै मौलिक बिधि र प्रकृयाबाट निश्चित वन क्षेत्र उपयोग गर्दै आएका समुदायलाई सम्झनुपर्छ ।

(झ) "परम्परागत जीवन पद्धती"भन्नाले परपूर्वकालदेखि मौलिक परम्परा, पेशा र अभ्यासको आधारमा जीवन यापन गर्ने मौलिक जीवन शैली वा अभ्यासलाई सम्झनु पर्छ ।

(ञ) "परम्परागत रुपमा सं।क्षण, भोगचलन" भन्नाले पुस्तौंपुस्तादेखि परम्परागत ज्ञान, सीप र बिधिबाट वनको व्यवस्थापन, संरक्षण,विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावर सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

(ट) "पारिवारिक निजी वन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा वा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(ठ) "प्राकृतिक श्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विवधता आदी जस्ता प्राकृतिक रुपमा प्राप्त स्रोत साधनलाई सम्झनु पर्छ ।

**(ड) "वन"** भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरुले ढाकिएको विद्यमान अवस्थामा रहेको राट्रिय वन, नीजि वन, कबुलियति वन, सामुदायिक वन, धार्मिक वन, सहरी वन, ग्रामिण वन, कृषी वन, वृक्षरोपण, सीमसार क्षेत्र, प्रथाजनित रुपमा व्यवस्थापन गरिएको वन र पारिवारिक-नीजी वन समेतलाई सम्झनुपर्छ ।

(ढ) "वन अधिकार" भन्नाले परिच्छेद २ मा उल्लेखित वन सम्बन्धि अधिकारलाई सम्झनु पर्छ ।

(ण) "वनमाथीको पहुँच" भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागी हुने र निणर्य लिने, वनबाट प्राप्त हुने वन पैदावरलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वन क्षेत्रमा निर्वाद रुपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(त) "वन पैदावर" भन्नाले वनमा रहेका वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकोच खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली वा रुख,पात, फल, फुल, मौवा, चिराइतो, च्याउ र सबै प्रकारका जंगली जडीबुटी, वनस्पति र तिनका विभिन्न भाग वा अङ्ग, वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा पशुपन्छी, वन्यजन्तु, र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहर सम्झनु पर्छ

(थ) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोग र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेक वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नाङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

(द) "वन माथीको स्वामित्व" भन्नाले परम्परागत रुपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइ रहेको वन क्षेत्रमाथी त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिबासी जनजाती, महिला, दलित लगायतका उक्त वन क्षेत्रबाट आश्रीत एवं लाभान्वित, वनदेखि टाढाका समुदायलाई त्यस्तो वन क्षेत्रको निरन्तर रुपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वनक्षेत्र माथीको समुदायको सामुदायिक स्वामित्वलाई सम्झनु पर्छ ।

(ध) "वन श्रोत" भन्नाले कुनै पनि व्यवहारिक, व्यवसायिक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव र अन्य सुक्ष्म जीवहरु लगायत माथी तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानविय प्रयोगमा आउने वन श्रोत समेतलाई जनाउनेछ ।

(न) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितकिय प्रणालीबाट प्राप्त हुने तपसिल बमोजिमका सेवा तथा लाभ सम्झनु पर्छ ।

१. कार्वन
२. जैविक विबिधताको संरक्षण
३. जलचक्र प्रणाली
४. पर्यापयटन
५. तोकिए बमोजिम अन्य लाभ

(प) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्छ ।

(फ) "सामुदायिक वन" भन्नाले प्रचलित वन ऐनद्धारा व्यवस्थापन गरेको वन लगायत कबुलियत वन, धार्मिक वन, परम्परागत बिधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वन समेतलाई सम्झनु पर्छ ।

(ब) "सामुदायिक वनको स्वामित्व" भन्नाले वनको हैसियत नखस्किने गरी संरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्ने वनमाथीको समुदायको सामुहिक स्वामित्वलाई जनाउनेछ ।

(भ) "सामुदायिक वन उपभोक्ता समुह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन, र प्रयोगका लागि सम्बन्धित वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी, जनजाती, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाती र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समूहलाई सम्झनुपर्छ ।

(म) "सामुदायिक वन उपभोक्त समिति" भन्नाले सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउँनेछ ।

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

## परिच्छेद २
## सामुदायिक वनको स्वामित्व, वन अधिकार र दायित्व

**३. सामुदायिक वनको रुपमा स्वामित्व प्राप्त गर्ने :-**

(१) परम्परागत रुपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रुपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्व सूसुचित मञ्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाउने छैन ।

(३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितमा असर नपर्ने गरी स्थानीय समुदायको पूर्व स्वीकृती र आमसहमतिमा नगरपालिकाले प्रयोगमा ल्याउन उपदफा(२) को व्यवस्थाले कुनै बाधा पुगेको मानिने छैन ।

(४) उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनका लागि प्रयोगमा ल्याउँदा सम्बन्धित समुदायलाई पर्न गएको सामाजिक, आर्थिक, भौतिक, जैविक र विविधताको क्षति समेतको विचार गरी उचित क्षतिपुर्ति दिनु पर्नेछ ।

**४. सामुदायिक वनमा स्थानीय समुदायको अधिकार :**

(१) सामुदायिक वनमा सामुदायिक रुपमा स्थायी समुदायले देहाय बमोजिमका वन सम्बन्धि अधिकारहरु प्राप्त गर्नेछन् ।

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दिगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, संबद्धन, प्रबर्धन वन पैदावरको विकास र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने,

(ग) वन क्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक स्रोत साधन र वन पैदावरहरु प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेमा बाहेक बिना अवरोध वन क्षेत्रमा आवतजावत गर्ने, वन क्षेत्रमा व्यवस्थित चरीचरण गर्ने,

(घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभुत आवश्यकता पुरा गर्ने र बढी भएका वन पैदावरको स्वतन्त्र रुपमा मुल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

(ङ) सामुदायिक वन क्षेत्रभित्रको खोला, पानीको मुहान, कार्वन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा वापतको लाभ प्राप्त गर्ने,

(च) वन स्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सास्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवा पुर्‍याउने र सामुदायिक विकास गर्ने,

(छ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सास्कृतिक र धार्मिक सम्पदाहरुको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(ज) सामुदायिक वनलाई निरन्तर रुपमा सामुदायिक वनकै रुपमा संरक्षण व्यवस्थापन र निरन्तरता दिन पाउने,

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरु गठन गर्ने र त्यस्तो समित उपसमितिको काम कर्तव्य र अधिकारहरु तोक्ने,

(ञ) सामुदायिक वनको व्यवस्थापनको लागि आवश्यक कार्ययोजना बनाई लागु गर्ने, गराउने,

(ट) वन व्यवस्थापन र अन्य कार्यहरुबाट प्राप्त हुने लाभ प्राप्त गर्ने र त्यस्तो लाभ वन विकास, गरिबी न्यूनीकरण, महिला, आदिबासी जनजाती, दलित उत्थान, स्वास्थ्य, शिक्षा, कृषी क्षेत्र लगायत आर्थिक, सामाजिक रुपमा पिछडिएको समुदायको क्षमता विकास, युवा तथा बालबालिकाको उत्थान, स्थानीय सामुदायिक तथा सास्कृतिक विकास आदिमा बाँडफाँड र प्रयोग गर्ने ,

(ठ) तर, स्थानीय समुदायको निणर्यले यस्तो लाभ सामुदायिक वन व्यवस्थापनमा समूहहरु, उपभोक्ता महासंघको संस्थागत तथा पैरवी क्षमता विकासमा समेत खर्च गर्न सक्नेछन ।

(ड) वन संरक्षण, विकास र व्यवस्थापनका लागि नगरपालिका,प्रादेशिक सरकार र संघिय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम संचालन गर्ने,

(ढ) उपभोक्ता समूहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरुबाट सेवा र अनुदान लिन सक्ने,

(ण) वनको व्यवस्थापन, संरक्षण र समुदायको सामुदायिक लाभ र जीविको पार्जनमा सहयोग पुर्‍याउने कार्यका लागि सामुदायिक वन क्षेत्र वा सामुदायिक वनको दर्ता प्रमाणपत्र, वन पैदावर, वन स्रोत, वन कार्ययोजना, उपभोक्ताले वनमा उत्पादन गरेको उत्पादन, वनमा आधारित उपभोक्ता समूहले संचालन गरेको उद्योग आदिलाई भद्रपुर नगरपालिकाको सिफारिसमा बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी आवश्यक ऋण लिई दिगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने,

(त) वनसँग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरुको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औधोगिकरण, र बजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा

जीवनकुमार श्रेष्ठ
नगर प्र

पदार्थहरु स्वातन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित बस्तुलाई उपभोग गर्ने र बजारमा बिक्रि वितरण गरी लाभ प्राप्त गर्ने,

(थ) वनलाई समय सापेक्षित रुपमा स्थानीय समुदायको जीविको पार्जनमा टेवा पुऱ्याउने पर्यावरण, कृषी, वन, पशु पालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यय, चिडियाखाना जस्ता वन उद्यम सम्बन्धि कृयाकलापहरु संचालन गरी लाभ प्राप्त गर्ने,

(द) वनको दिगो व्यवस्थापनद्धारा वन क्षेत्रको उत्पादकत्वमा बृद्धी गर्दै सामुदायिक वन क्षेत्रमा काठ र गैर काठजन्य वन पैदावरको उत्पादन गर्ने, वन पैदावरको अधिकतम उपयोगबाट साना, मझौला तथा ठूला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसँग सम्झौता गरी संचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनका साथै स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवा पुऱ्याउने,

(ध) नगरपालिकाको स्वीकृतिमा सामुदायिक वनस्रोतको शुल्क निर्धारण गरी असुल उपर गर्ने, शुल्क छुट वा मिनाहा दिने,

(न) वनको भोगोलिक बनोट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्धन (गोडमेल, हाँगा काटँछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने,

(प) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भूदृश्य-सौन्दर्य तथा कार्वन-संचित जस्ता वातावरण सेवाहरुको संभावनाको खोजि गरी वातावरणीय सेवा सुविधाको उपयोग गरेर आय-आर्जनको अवधारणलाई बढाउने,

(फ) कार्वन-संचित जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितकि प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने,

(ब) सामुदायिक वन क्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाई गर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक स्रोत साधनहरुको बिक्रिवितरण, उपयोग, स्रोत प्रयोग वापतको लाभ प्राप्त गर्ने ।

**५. उपभोक्ताहरुको अधिकार :**

१. सामुदायिक वन उपभोक्ता समूहको सदस्यको हैसियतले प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रुपमा देहाय बमोजिमका वन सम्बन्धि अधिकारहरु प्राप्त गर्नेछन् ।

(क) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागी हुने,

(ख) वन क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन र वन पैदावरहरु तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समूहमा सहभागि हुने र नेतृत्व लिने एवं निणर्य प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सास्कृतिक र धार्मिक सम्पदाहरुको संरक्षण उपभोग र व्यवस्थापनमा भाग लिने,

२. उपदफा (१) मा उल्लेखित अधिकारको अतिरिक्त वन उपभोक्ता समूहभित्रका आर्थिक, सामाजिक दृष्टीले पछाडी परेका महिला, आदिबासी, जनजाती,सिमान्त्कृत, दलित समुदायले सामुदायिक वनबाट देहायका थप अधिकारहरु प्राप्त गर्नेछन् ।

(क) कुनै विशिष्ट जाती वा समुदायसँग मात्र सम्बन्धित वा त्यस्तो समुदायको परम्परागत ज्ञान, सीप, पेशा र जीविकोपार्जनको सीपसँग प्राकृतिक श्रोत साधन वा वन पैदावरहरुमाथी प्राथमिकता प्राप्त गर्ने,

(ख) सामुदायिक वनको संरक्षण र उपभोग गरी परम्परागत ज्ञान, सीप लगायतका बौद्धिक सम्पतिको संरक्षण र निरन्तरता दिने,

(ग) परम्परागत औषधी उपचार (आम्ची) पद्धती लगायत परम्परागत ज्ञान, सीप र जीवनशैलीसँग सम्बन्धित अभ्यासहरुको निरन्तरता दिने,

(घ) वन क्षेत्रभित्र प्रचलित कानूनबाट निषेध नगरिएका परम्परागत ज्ञान, सीप र जीवनशैलीसँग सम्बन्धित अभ्यासहरुको निरन्तरता दिने,

(ङ) सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा स्थानीय आदिवासी जनजातीको परम्परागत अभ्यास, प्रथाजनित कानूनको सम्मान गर्ने,

(३) सामुदायिक वन संरक्षण र व्यवस्थापनमा नियमित रुपमा सहभागी हुन नसक्ने टाढाका उपभोक्ताहरुलाई उनीहरुले वन संरक्षणमा पुऱ्याउने योगदान र वन श्रोतको उपयोगका आधारमा वर्गिकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरु प्राप्त हुनेछन् ।

(क) सामुदायिक वनबाट वन पैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त हुने लाभहरु तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सास्कृतिक र धार्मिक सम्पदाहरुको उपभोग गर्न पाउने,

(४) उपदफा (१),(२),(३) र (४) को अतिरिक्त स्थानीय परिवेश अनुसार कुनै विशिष्ठ अधिकार, कुनै विषेश समुदाय, वर्ग वा जातिलाई दिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूची सामुदायिक वन उपभोक्ता समूहको आमभेलाबाट पारित गरी नगरपालिका समक्ष जानकारी गराउने ।

## ६. वनमा आधारित उद्यम विकासः

(१) सामुदायिक वन श्रोतको प्रयोग नगरपालिकाको स्वीकृतिमा सामुदायिक वन उपभोक्ता समूह आफैले वा अन्य साझेदारसँग सम्झौता गरी वा तेस्रो पक्षसँग सम्झौता गरी व्यवसायिक रुपमा संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वन वा निजी वनक्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन,

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

लगायत अन्य पैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरु व्यवसायिक रुपमा गर्ने र त्यस्तो उत्पादन बिक्रि वितरण गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम तेस्रो पक्षलाई सामुदायिक उद्योग संचालन गर्नको लागि अनुमति दिंदा प्रतिस्पर्धातमक आधारमा समुदायले प्रत्यक्षरुपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ । यसरी उद्यम संचालन गर्नको लागि तेस्रोपक्ष छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

**७. सामुदायिक वनमा उपभोक्ता समूहको उत्तरदायित्व :**

(१) यो ऐन तथा प्रचलित कानूनको अधिमा रही सामुदायिक वन स्रोतको वातावरणीय रुपमा दिगो व्यवस्थापन गर्ने ।

(२) प्रचलित ऐन कानून र यस ऐन तथा नगरपालिकाबाट जारी गरेको निर्देशिकाको अधिनमा रही सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउनछ सक्नेछ ,

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्ण रुपमा सहभागिता गराउने उपभोक्ता समूहको हुनेछ ,

(४) सामुदायिक वन सो को पारदर्शि तथा उत्तरदायि ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने,

(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वनस्रोतको प्रभावकारी रुपमा व्यवस्थापन भए नभएको सर्न्दभमा नगरपालिकामा तोकिए बमोजिम वार्षिक र आवधिक प्रतिवेदन पेश गर्ने,

(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वन स्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समूहको साधारण सभा र साधारण सभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने,

(७) दिगो वन व्यवस्थापन गरी वनपैदावरको उत्पादनमा बृद्धी ल्याउन चरिचरन, आगलागी,चोरी कटानी, अतिक्रमण, जस्ता कार्यबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने,

(८) सामुदायिक वन क्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षरोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्वधर्न प्रणाली (एक्ल्याउने) बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरु हटाउने जस्ता कार्य गरी वनको हैसियत सुधार्दै लैजाने कार्य गरी वन संबद्धन गर्ने,

**८. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाँड सम्बन्धि व्यवस्था :**

(१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा बिक्रि वितरणबाट प्राप्त लाभको बाँडफाँड देहाय बमोजिम गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्रि वितरण तथा वन स्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम बाँडफाँड गर्नेछ ,

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

(ख) लाभको बाँडफाँड गर्दा १० प्रतिशत नगरपालिका कोषमा दाखिला र २० प्रतिशत वन संरक्षणमा खर्च गरी बाँकी रहेको ७० प्रतिशत रकम मध्येबाट ५० प्रतिशत विपन्न वर्ग, उद्यम विकास र महिला शसक्तिकरण र ५० प्रतिशत सामाजिक संस्थागत विकासमा खर्च गरिनेछ ।

**९. सामुदायिक वनको स्वामित्व खोस्न नसक्ने :**

(१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वन क्षेत्रको स्वामित्व फिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछैन । तर देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समूहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन नगरपालिकाले आवश्यक निर्देशन दिने र आवश्यक कारवाही गर्न सक्नेछ ।

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समूहले वन व्यवस्थापन कार्य योजना बमोजिम कार्य संचालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनिय प्रतिकुल असर पर्ने कुनै कार्य नगरेमा,

(घ) यो ऐन अनुसार कार्य नगरेमा,

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारवाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समूहको विधान, कार्ययोजना र समुदायको हित विपरित कुनै काम कारवाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समूहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारवाही गर्नेछ ।

**१०. स्थानीय समुदायसँग स्वतन्त्र, पूर्व सुनिश्चित मन्जुरी लिनु पर्ने :**

१. नगरपालिकाले देहाय बमोजिमका निर्णय लिनुपूर्व सामुदायिक वन उपभोक्ता समूहको मन्जुरी लिनेछ ।

(क) सामुदायिक वनलाई वनको रुपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सावर्जनिक हितको लागि प्रयोग गर्दा,

(ख) सामुदायिक वन उपभोक्ता समूहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा तथा कार्यन्वयन गर्दा वा नीति नियमहरु निमार्ण गर्दा,

२. राष्ट्रिय रुपमा वन अधिकार र प्राकृतिक स्रोत साधनसँग सम्बन्धित नीति, ऐन, कानून, तथा कार्यक्रमहरुले कुनै जाति वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तराष्ट्रिय सन्धी/महासन्धी, घोषणा-पत्र, सम्भौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरुमा

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

उल्लेखित व्यवस्थाहरुको अधिनमा रही नगरपालिकाले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरुसँग अनिवार्य रुपमा स्वतन्त्र, पूर्व सू-सुनिश्चित मन्जुरी लिइनेछ ।

११. **सहभागिता र प्रतिनिधित्व सम्बन्धि व्यवस्था :**

(१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्बन्धित स्थानीय समुदाय, आदिबासी जनजाती महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धि उनिहरुको परम्परागत ज्ञान, सीप र जीवन शैलीमा प्रभावित पार्ने स्थानीय रुपमा स्थानीय नीति नियम, कार्यक्रमहरु तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रुपमा सहभागि गराइनेछ ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरुमा महिला, आदिबासी जनजाती, दलित, अल्पसंख्यक, मधेशी, सिमान्तकृत, समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ यसरी प्रतिनिधित्व गराउँदा निर्णायक तह ( पदाधिकारी) लगायतमा कम्तीमा ५०% महिलाको प्रतिनिधित्वको सुनिश्चित गराइनेछ ।

(३) उपदफा (२) बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउँदा समेत समुदायको गरिब, विपन्न, दलित वा अल्पसंख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई विषेश संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्नेछ ।

१२. **सामुदायिक वनलाई प्राथमिकता दिनुपर्ने :**

(१) सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई कबुलियति वन लगायत अन्य प्रयोजनका लागि प्रयोग गर्न दिईने छैन ।

(२) सामुदायिक वन प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई नगरपालिकाले प्राथमिकता प्राप्त क्षेत्रको रुपमा राख्नेछ ।

१३. **राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार :**

(१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसँग सिमाना जोडिएका वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरु निर्वाद रुपमा उपभोग गर्न पाउने छन् ।

(क) परम्परागत रुपमा सार्वजनिक बाटोको रुपमा उपभोग गर्दै आइ रहेको राष्ट्रिय वन क्षेत्रभित्र पर्ने बाटोमा आवतजावत गर्ने,

(ख) पानीको मुहानहरुको निर्वाद रुपमा निरन्तर उपयोग गर्ने,

(ग) परम्परागत रुपमा वन पैदावरको श्रोतको रुपममा उपभोग गर्दै आइ रहेको वनक्षेत्रभित्रबाट वनको हैसियत नबिग्रिने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तो वन

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

क्षेत्रबाट वनपैदावर निर्वाद रुपमा प्रयोग गर्ने र त्यस्तो वन पैदावरको बिक्रि वितरणबाट लाभ प्राप्त गर्ने,

(घ) परम्परागत रुपमा चरिचरण गर्दै आइरहेको क्षेत्रमा वनको हैसियत नबिग्रिने गरी चरिचरणको रुपमा उपभोग गर्ने,

(ङ) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सास्कृतिक, धार्मिकस्थल र सम्पदाहरुमा निर्वाध रुपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(च) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावर र स्थानीय समुदायको बालीनालीमा क्षति पुऱ्याएमा त्यस्तो क्षतिको मानसिव माफिकको क्षतिपुर्ति वनमा लागेको आगलागी नियन्त्रण गर्दा वा वनमा व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्बन्धित समूह र नगरपालिकाले उचित राहतको व्यवस्था गरिनेछ ,

(छ) राष्ट्रिय वनमा कार्वनको संचितिकरण र भण्डारण गरे वापत लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(ज) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रुपमा सहभागि हुने,

(२) उपदफा (१) को खण्ड (क),(ख),(ग) र (घ) मा उल्लेखित स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावर, चरिचरणका लागि उपभोग गर्दै आइरहेको वन क्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि उपयोग गर्नु पर्ने देखिएमा नगरपालिकाले स्थानीय समुदायको पूर्व सुनिश्चित मञ्जुरी लिई त्यस्तो वनक्षेत्र सार्वजनिक हितको लागि प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक स्रोत साधन, ऐतिहासिक, सास्कृतिक र धार्मिकस्थल र सम्पदाहरुलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्वजनिक बाटो वा प्राकृतिक स्रोत साधनको बैकल्पिक व्यवस्था र नगरपालिकाले तत्काल मिलाउने छ । यसरी सार्वजनिक बाटो मर्मत संभार र स्तर उन्नती गर्दा प्राप्त हुने वन पैदावर सम्बन्धि उपभोक्ता समूहको निर्णय अनुसार उपयोग गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक स्रोत साधन, ऐतिहासिक, सास्कृतिक र धार्मिकस्थल र सम्पदाहरुलाई उपदफा (२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सास्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखी सम्बन्धित समुदायलाई नगरपालिकाले उचित क्षतिपुर्तिको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-३

## दर्ता तथा हस्तान्तरण

जीवनकुमार श्रेष्ठ

१४. **सामुदायिक वन तथा अन्य वन हस्तान्तरण :**

(१)उपभोक्ता समूहको कार्ययोजना बमोजिमका संरक्षण सम्वर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावरको मुल्य निर्धारण गर्ने गरी बिक्री वितरण गर्न पाउने गरी नगरपालिकाले राष्ट्रिय वनको कुनै निश्चित भागलाई सिमाना तोकी सामुदायिक वन उपभोक्ता समूहलाई कार्यपालिकाको निर्णय अनुसार हस्तान्तरणको प्रमाण पत्र दिनेछ । यसरी हस्तान्तरणको अभिलेख नगरपालिकाको कार्यलयमा हुनेछ ।

## परिच्छेद- ४
## सामुदायिक वन सम्बन्धि व्यवस्था

१५. **सामुदायिक वन सुम्पने :**

(१) उपभोक्ता समूहले कार्ययोजना बमोजिमको संरक्षण सम्वर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावरको मुल्य निर्धारण गर्ने गरी बिक्रि वितरण गर्न पाउने गरी नगरपालिकाले राष्ट्रिय वनको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एंव अन्य सहयोग उपलब्ध गराउनेछ ।

१६. **कार्ययोजना संसोधन :**

(१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धि कार्ययोजना आवश्यकता अनुसार समयानुकुल परिमार्जन तथा संसोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन तथा संसोधन वातावरणमा उल्लेखनिय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिनभित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ । सामुदायिक वन उपभोक्ता समूहले आफ्नो कार्ययोजना नगरपालिकालाई जानकारी गराएको ३० दिनभित्र कुनै जानकारी नभएमा समूहले स्वत कार्यन्वयन गर्न सक्नेछ ।

१७. **उपभोक्ता समूहको दर्ता :**

(१) गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित अनुसूची १ बमोजिमको ढाँचामा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

तिलकुमार श्रेष्ठ

(३) प्रचलित ऐन कानून अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कबुलियति वन, वन उपभोक्ता समुहहरु, धार्मिक वनहरु १ वर्षभित्र नगरपालिकामा दर्ता गर्नुपर्नेछ । त्यस्ता समूहलाई नगरपालिकाले प्राविधिक तथा आर्थिक सहयोग गर्नेछ । नगरपालिकामा दर्ता गर्दा लाग्ने शुल्क नगरसभाले तोके बमोजिम हुनेछ ।

**१८. उपभोक्ता समूह संगठित संस्था रहने :**

(१) सामुदायिक वन उपभोक्त समूहहरु अविछिन्न उत्तराधिकारवाला र स्वशासित र संगठित संस्था रहने ।

(क) समूहको छुट्टै छाप हुनेछ ।

(ख) समूहको आफ्नै ढाँचा हुनेछ ।

(ग) उपभोक्ता समूहले व्यक्ति सरह चलअचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमको बन्दोबस्त गर्न पाउने छ । यसरी अचल सम्पतिको बन्दोबस्त गर्दा वडा कार्यालयको सिफारिसमा नगरपालिकाको सहमति लिनु पर्नेछ ।

(घ) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न वा सो उपर पनि सोहि नामबाट नालिस उजुर गर्न सक्नेछ ।

**१९. प्रतिवेदन दिनुपर्ने :**

(१) सामुदायिक वन उपभोक्ता समूहहरु, कबुलियति वन, उपभोक्ता समूहहरु, धार्मिक वन समूहहरुले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र ताकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक तथा प्रगती प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**२०. उपभोक्ता समूहको कोष :**

(१) वन उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । यस कोषमा देहायका रकमहरु हुनेछ ।

(क) संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै व्यक्ति, वन संस्था, समूहबाट प्राप्त अनुदान, सहायता वा दानदातव्य रकम,

(ग) वन पैदावर (जैविक विविधता) को विक्रिवितरणबाट प्राप्त रकम,

(घ) उद्योग तथा पर्यापयर्टन संचालनबाट प्राप्त रकम,

(ङ) जरिवानाबाट प्राप्त रकम र

जीवनकुमार श्रेष्ठ

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम

(२) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ । कोष संचालन तोकिए बमोजिम समूहको अध्यक्ष र सोको कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद-५

## वन अधिकार संरक्षण सम्बन्धि व्यवस्था

२१. नगर वन परिषदको गठन :

(१)वन अधिकार वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाती, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हितको संरक्षणका विषयमा नीति निमार्ण गर्न तथा अधिकारवाला समुदायको हकहित सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिनका लागि स्थानीय स्तरमा एक नगर वन परिषद गठन हुनेछ ।

(२) उपदफा(१) बमोजिमको परिषद देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरु रहने छन् ।

(क) भद्रपुर नगरपालिकाको नगर प्रमुख - अध्यक्ष ,

(ख) भद्रपुर नगरपालिकाका नगर उपप्रमुख - सदस्य

(ग)वन तथा वातावरण समितिको प्रतिनिधि - सदस्य १ जना,

(घ) नगर सभाको प्रतिनिधि - सदस्य २ जना,

(ङ) सामुदायिक वनउपभोक्ता महासंघको प्रतिनिधि-सदस्य २जना (१महिला अनिवार्य)

(च) आदिवासी जनजाति महासंघको प्रतिनिधि -सदस्य १ जना,

(छ) दलित अधिकारको क्षेत्रमा काम गर्ने - सदस्य १ जना,

(ज) पारिवारीक निजी वनको प्रतिनिधि - सदस्य १ जना,

(झ) व्यवसायिक संस्थाका प्रतिनिधि - सदस्य १ जना,

(ञ) वन अधिकार, वातावरण संक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट स्थानीय सरकारले मनोनित गरेको न्यूनतम ३ महिला सहित प्रतिनिधि- सदस्य ५ जना

(ट) प्रमुख प्रशासकीय अधिकृतले तोकेको वा वन वातावरण शाखाको प्रमुख- सदस्य सचिव

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

(ठ) तर, स्थानीय सरकारले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरुबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनित गर्नुपर्नेछ । दफा (३) बमोजिम गठन हुने नगर वन परिषद् महिलाको सहभागिता न्यूनतम ५०% अनिवार्य गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरुको पदावधी दुई वर्षको हुनेछ र निजहरु अर्को एक अवधीको लागि पूनः मनोनित हुन सक्नेछन् ।

(४) दफा (२१) (ञ) बमोजिमको सदस्य सचिवको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२२. **परिषद्को काम, कर्तव्य र अधिकार :**

(१) नगर वन परिषद्को काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वन र वन क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु,खनिज,जैविकविविधता आदि) को परम्परागत रुपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइ रहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिबासी जनजाती, महिला, दलित तथा उक्त क्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाको समुदायको वनमाथीको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्रधिकार सहितको वनसम्बन्धि अधिकार सम्बन्धि विषयमा नेपाल सरकारलाई सुझाव दिने ।

(ख) वन र वन क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल,जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविकविविधता आदि) को परम्परागत रुपमा संरक्षण, भोगचलन,उपयोग गर्दै आइ रहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिबासी जनजाती, महिला, दलित तथा उक्त क्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाको समुदायको वनमाथीको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धि अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरु प्रचारप्रसार गर्ने, गराउने ।

(ग) वनमाथीको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन अधिकारको सम्बन्धमा सूचित गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा नगरपालिकालाई सुझाव दिने र वन सम्बन्धि हकहित र अधिकार संरक्षण सम्बन्धि स्थानीय, प्रादेशिक, संघिय तथा अन्तराष्ट्रिय सूचनाहरु अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(घ) स्थानीय समुदाय, आदिबासी जनजाती, महिला, दलित तथा उक्त क्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाको समुदायको वनमाथीको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्रधिकार सहितको वनसम्बन्धि अधिकारहरुको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरुको सुधार गर्न स्थानीय सरकारलाई सुझाव दिने ।

जीवनकुमार श्रेष्ठ

(ङ) स्थानीय समुदाय, आदिबासी जनजाती, महिला, दलित तथा उक्त क्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाको समुदायको वनमाथीको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्रधिकार सहितको वनसम्बन्धि अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(च) परम्परागत रुपमा संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वन अधिकारलाई राजनैतिक सिमाले बन्देज नगर्ने व्यवस्था सम्बन्धित स्थानीय तहको समन्वयमा नगरपालिकाले मिलाउने छ ।

(छ) सामुदायिक वनहरु बिच समन्वय गरेर आपुर्ति, प्राकृतिक प्रकोपलाई, सर्वसुलभ बनाउनका लागि डिपो स्थापना गर्ने ।

(ज) अन्तर स्थानीय सरकारबिच वन पैदावर आपुर्ति मिलाउनका लागि समन्वय गर्ने ।

(झ) समुदायद्धारा संचालित कार्यक्रमहरु अनुगमन, निरिक्षण तथा पृष्ठपोषण गर्ने ।

(ञ) समुदायको आन्तरिक सुसासनका लागि आवश्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने ।

(ट) जैविक विभिधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने ।

**२३. नगर वन परिषद्को बैठक सम्बन्धि कार्यबिधि :**

(१) नगर वनपरिषदको बैठक अध्यक्षले तोकेको मिति, स्थान र स्थानमा बस्नेछ ।

(२) परिषदको सम्पूर्ण सदस्यको संख्याको कम्तीमा ५०% भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषदको बैठकका लागि गणपूरकसंख्या पुगेको मानिनेछ ।

(३) परिषदको बैठक अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को निणर्य परिषदको अध्यक्षद्धारा प्रमाणित गरिनेछ ।

(५) परिषदको बैठक सम्बन्धि अन्य कार्यबिधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२४. जाँचबुझ र निरिक्षण गर्न सक्ने :**

(१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी तथा साझेदारी कम्पनी लगायत कसैले यस ऐन विपरित हुने गरी समुदायको वन अधिकारमा प्रतिकुल प्रभाव पार्ने कार्य गरी गरिरहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कामकारवाही भइरहेको छ भन्ने विश्वास हुने मानसिव कारण भएमा वन अधिकार नगर वन

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

संरक्षण परिषद आफै वा परिषदले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरिक्षण गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरिक्षणबाट वन अधिकारको हनन् सम्बन्धि दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समूह, संगठित संघसंस्था, सरकारी तह वा साझेदारी कम्पनी लगायत व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नका लागि नगर वन परिषद्ले नगरपालिकालाई सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद -६

## कसूर सजाय सम्बन्धि व्यवस्था

**२५. वन अधिकारमा प्रतिकुल प्रभाव पार्न नहुने :**

(१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी तथा साझेदारी कम्पनी लगायत कसैले यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समूहको वन सम्बन्धि अधिकारमा प्रतिकुल पार्न हुदैन । आम सार्वजनिक हितका लागि यस ऐनको दफा १० बमोजिम वन उपभोक्ता समूह वा सम्बन्धित समुदायको स्वतन्त्रापूर्व, सू-निश्चित मन्जुरी लिई नेपाल सरकार वा सम्बन्धित तहको निणर्यले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकुल मानिने छैन ।

**२६. दण्ड सजाय :**

**देहायको काम कारवाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ**

(१) दफा ४ को उपदफा(१) बमोजिमको अधिकार प्रयोग गर्न बन्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई बिगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए बमोजिम जरिवाना हुनेछ ।

(२) दफा ४ को उपदफा(२) बमोजिमको अधिकार प्रयोग गर्न बन्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई बिगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए बमोजिम जरिवाना हुनेछ ।

(३) दफा ४ को उपदफा(३)(४)र (५) बमोजिमको अधिकार प्रयोग गर्न बन्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई बिगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए बमोजिम जरिवाना हुनेछ ।

जीवजकुमार श्रेष्ठ,
नगर प्रमुख

(४) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्य रुपमा स्वतन्त्र, पूर्व सू-निश्चित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समूहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपुर्ति व्यवस्था मिलाइनेछ ।

## २७. मुद्दा हेर्ने अधिकार :

(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धि मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले नगरपालिकाको न्यायिक समिति समक्ष मुद्दा दायरा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायिक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यबिधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम नगरपालिकाको न्यायिक समितिले गरेको निणर्य चित्त नबुझ्ने पक्षले सो निणर्य थाहा पाएको मितिले पैतिस दिनभित्र सम्बन्धि जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## २८. क्षतिपुर्ति भराउन सक्ने :

(१) पारिवारिक निजी वनको संरक्षण सम्बन्धित उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावरको मुल्य निार्धारण गर्ने गरी वितरण गर्न पाउने गरी नगरपालिकाले दर्ता प्रमाणपत्र दिनेछ ।

(२) पारिवारिक निजी वनलाई नगरपालिकाले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

(३) पारिवारिक निजी वन दर्ता भएको जानकारी प्राप्त भएको १५ दिनभित्र नगरपालिकाले सो को जानकारी दिनेछ ।

(४) पारिवारिक निजी वनका किसानहरुले नगरपालिकाले तोकेको निवेदन सहित विवरण नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(क) पारिवारिक निजी वनको दर्ता स्थानीय तहको सबैभन्दा तल्लो अर्थात वडामा दर्ता गरिनेछ ।

(ख) दर्ता भएका पारिवारिक निजी वनहरु धितो राखेर बैंकबाट ऋण लिन सक्ने व्यवस्था गरिनेछ ।

(ग) पारिवारिक निजी वनभित्रको काठ कटानी र ओसारपसार स्थानीय सरकारबाट अनुमति लिएर नेपाल भित्रका कुनै पनि भागमा लगेर बिक्रि वितरण गर्न सक्नेछ ।

(घ) पारिवारिक निजी वनमा किसानहरुलाई कृषी वन लगाउन थप प्रोत्साहन गरिनेछ ।

(ङ) पारिवारिक निजी वनका किसानहरुले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा स्थानीय सरकारले अनुमति दिनेछ ।

(च) पारिवारिक निजी वन दैविप्रकोप भएर नष्ट भएमा क्षतिपुर्तिका लागि सहुलियत बिमामा समन्वयको व्यवस्था गरिनेछ ।

(७) परिक्षण गरिएका विरुवाहरु र छिटोछरितो हुर्कने विरुवाहरु वृक्षारोपण गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद-८
## विवध

**२९. स्थानीय सरकारबाट अनुमति लिनु पर्ने :**

(१) स्थानीय तहको अनुमति लिई उपभोक्ता समूहले स्थानीय सामुदायिक वन क्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यवसायिक पालन, समुदायको पहुँचभन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावरजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादित वस्तु वा वन पैदावर निकासी पैठारी गर्ने सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वन पैदावरजन्य उद्योगबाट उत्पादित वन पैदावरको निकासी पैठारी बन उपभोक्ता समूहले तोकेको व्यक्तिले गर्न सक्नेछ । यसरी निकासी पैठारी गर्दा सो को जानकारी अनिवार्य रुपमा नगरपालिकालाई दिनुपर्नेछ ।

(३) सामुदायिक वन समूहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत स:मिलका साथै वन पैदावरमा आधारित अन्य उद्यमहरु संचालन गर्न सक्नेछ ।

(४) स्थानीय सरकारले पारिवारिक निजी वन दर्ता, संरक्षण, सम्बर्द्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ ।

**३०. अधिकार प्रत्यायोजन :** भद्रपुर नगरपालिकाको प्रमुख वा नगर वन परिषद्को अध्यक्षले यस ऐन बमोजिम आफुलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केहि अधिकार यस ऐन बमोजिम नगरपालिकाले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३१. असल नियतले गरेको कामको बचाउ :** वन उपभोक्ता समिति, क्षतिपुर्ति समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाहीप्रति निज व्यक्तिगत रुपले जवाफदेहि हुने छैन ।

**३२. नियम बनाउन सक्ने :** यस ऐनको उदेश्य पूर्तिको लागि भद्रपुर नगरपालिकाले आवश्यक नियमहरु र कार्यबिधिहरु बनाउन सक्नेछ ।

जीवनकुमार श्रेष्ठ
प्रमुख

३३. अमान्य हुने- यस ऐनमा भएका प्रावधानहरु प्रचलित ऐन कानूनसँग बाझिएको पाइएमा बाझिएको हदसम्म यस ऐनको प्रावधानहरु अमान्य हुनेछन् ।

३४. **संसोधन र खारेजी :** यस ऐनमा भएका प्रावधानहरुको संसोधन, थपघट तथा खारेजी गर्ने अधिकार भद्रपुर नगरपालिका नगरकार्यपालिकाको बैठकलाई हुनेछ र सो सम्बन्धि निणर्य नगरसभाबाट अनुमोदन गर्नुपर्नेछ ।

**जीवनकुमार श्रेष्ठ**
**नगर प्रमुख**

**अनुसूची-१**

दफा १७ सँग सम्बन्धित

उपभोक्ता समूह दर्ताका लागि दिइने निवेदन

श्री कार्यालय प्रमुख ज्यू

............................नगरपालिका, झापा

स्थानीय वन ऐन २०७८ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सो को विधान संलग्न राखी पेश गरेका छौं । उपभोक्ता समूह दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं र

निवेदक

...................................................................

नामः

पदः

दस्तखतः

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

## अनुसूची-२

दफा १७ सँग सम्बन्धित

# उपभोक्ता समूह दर्ताको प्रमाणपत्र

दर्ता नं.

श्री ................................उपभोक्ता समूह

यस भद्रपुर नगरपालिकाको मिति ......................................को निणर्य अनुसार भद्रपुर नगरपालिका वन सम्बन्धि ऐनले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको क्षेत्रफल:

घरधुरी संख्या :

कुल जनसंख्या :

जीवन... श्रेष्ठ

प्रमाणपत्र दिने अधिकारी

नाम:

दर्ता :

दरखास्त:

मिति :

## अनुसूची-३
### दफा १४ सँग सम्बन्धित
### सामुदायिक वन दर्ताका लागि दिइने निवेदन

श्री नगर प्रमुख ज्यू
भद्रपुर नगरपालिका कार्यालय, झापा

भद्रपुर नगरपालिका वन ऐन २०७८ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्वर्द्धन र सदुपयोग गर्न चाहेकाले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौ ।

सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम ठेगानाः.........................

चार किल्ला, क्षेत्रफल, जैविक विविधता :

निवेदक

सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट

नामः

पद :

दरखास्तः

मिति :

जीवनकुमार श्रेष्ठ
नगर प्रमुख

## अनुसूची-४

दफा १४ सँग सम्बन्धित

## सामुदायिक वन दर्ताको प्रमाणपत्र

श्री .............................. उपभोक्ता समूह

.......................................................

भद्रपुर नगरपालिका वन ऐन, २०७८ को अधिनमा रही देहायको राष्ट्रिय वन क्षेत्र यसैसाथ संलग्न कार्ययोजना अनुसार व्यवस्थापन गरी सदुपयोग गर्न सामुदायिक वनको स्वरुपमा दर्ता गरी यो प्रमाण पत्र दिईएको व्यहोरा अनुरोध छ ।

नाम :

चारकिल्ला :

क्षेत्रफल :

प्रमाणपत्र दिने अधिकारी

नाम, थर :

पद :

दस्तखत :

मिति :

आज्ञाले

टेककुमार रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

जीवनकुमार श्रेष्ठ

नगर प्रमुख